नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

आ.व. ०७६।७७
च.नं.२/

मिति : २०७६।१०।१९

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष उपस्थितिमा सरोकारवाला मन्त्रालयका माननीय मन्त्रीज्यूहरू मुख्य सचिव तथा सचिवहरू समेतको उपस्थितिमा यहि मिति २०७६ साल माघ १८ गते शनिबार वसेको बैठकले चीनमा रहेका नेपाली विद्यार्थीहरूको स्वास्थ्य तथा तिनका अभिभावकहरुको चिन्ता र चासोलाई सम्वोधन गर्न एवं विद्यार्थीहरूको स्वास्थ्य अवस्था बारे नियमित रुपमा जानकारी लिन शीघ्राती शीघ्र त्यहाँ रहेका नेपाली विद्यार्थीहरूको उद्दार तथा सुरक्षित व्यवस्थापन गर्न सम्बन्धित निकायहरूलाई थप आवश्यक गृहकार्य गर्न निर्देशन दिइएको व्यहोरा सबैका जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

वेइजिङस्थित नेपाली दूतावासले उहानमा रहेका नेपाली विद्यार्थीहरुलाई सुरक्षित तवरले नेपाल ल्याउनका लागि फारम भर्ने सूचना जारी गरेको सन्दर्भमा सूचनामा उल्लिखित विवरणहरू ग्रहण गर्न समेत मन्त्रालय अनुरोध गर्दछ । चीनबाट प्रस्थान गर्ने विमानस्थलमा स्वास्थ्य परीक्षण हुने, तहाँबाट नेपाल आउने यात्रुको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा स्वास्थ्य परीक्षण गरी संक्रमित यात्रुलाई उपत्यकाका तोकिएका अस्पतालहरूमा आइसोलेसन वार्डमा राखी उपचार हुने र अन्य यात्रुलाई दुई हप्ता निगरानीका लागि छुट्टै स्थान (क्वारेन्टइन) मा राख्नु पर्ने अन्तराष्ट्रिय स्वास्थ्य नियमन (International Health Regulation) का प्रावधान पालना गरिने व्यहोरा समेत यसै विज्ञप्तिवाट सूचित गरिन्छ ।

..................
महेन्द्र प्रसाद श्रेष्ठ
प्रवक्ता